Reg. No. 869/059/060

# SOCIETY FOR INTEGRATED ALLIED NEPAL (SIAN)

# एकिकृत हातेमालो समाज नेपाल

SIAN

Ref. No.: 06/083/084

मितिः २०८३।०६।१४

श्री अध्यक्ष ज्यू,

पाल्हीनन्दन गाउँकार्यपालिकाको कार्यालय,

पाल्हीनन्दन गाउँपालिका, नवलपरासी (ब.सु.प.) ।

**बिषयः जानकारी सम्बन्धमा ॥**

प्रस्तुत बिषयमा यस एकिकृत हातेमालो समाज नेपाल (सियान) ले "पोषण मार्फत् जिवन रुपान्तरण" परियोजना सन् २०२४ अगस्ट देखी नवलपरासी पश्चिम जिल्लाको सुस्ता, प्रतापपुर, सरावल र पाल्हीनन्दन गाउँपालिका भित्रका गर्भवती तथा स्तनपान गराईरहेका आमाहरु र ५ बर्ष मुनिका बालबालिकाको पोषण सुधारमा कार्य गर्दै आएको ब्यहोरा अवगत नै छ ।

यसै कार्यक्रम अन्तर्गत महिला स्वास्थ्य स्वयम् सेविका साथै JT/JTA अगुवा किसानहरुका लागि सूचना आह्वान गरिएको जानकारीका लागि बिनम्र अनुरोध गर्दछौ ।

भवदीय

प्रदिप अर्याल

कार्यक्रम ब्यवस्थापक

Bijulibazar, Kathmandu, Nepal, Tel: +977-1-5244962, Email: info@sian.org.np , Website: www.sian.org.np

CamScanner

# एकिकृत हातेमालो समाज नेपाल

## बिजुली बजार, काठमाण्डौं

## परियोजना कार्यालय परासी, नवलपरासी (बसुप)

SIAN

**प्रथम पटक प्रकाशित मिति: २०८३/०६/१९**

## बिषय: निवेदन आह्वान सम्बन्धी सूचना

यस पोषण मार्फत जिवन रुपान्तरण परियोजना अन्तर्गत **पोषण संवेदनशील असल कृषि अभ्यास** (Nutrition-sensitive Good Agricultural Practices – GAPs), **खाद्य सुरक्षा, उत्पादनपछिको व्यवस्थापन तथा डिजिटल कृषि परामर्श** सम्बन्धी प्राविधिक ज्ञान तथा सीप अभिवृद्धि गर्ने उद्देश्यले सम्बन्धित क्षेत्रका **कृषि प्राविधिक** (JT/JTA) तथा **अगुवा कृषकहरू** बाट प्रशिक्षणमा सहभागिताका लागि आवेदन/नाम सिफारिस आह्वान गरिएको छ।

यस कार्यक्रम अन्तर्गत छनोट भएका सहभागीहरूलाई पोषण संवेदनशील असल कृषि अभ्याससम्बन्धी ज्ञान, सीप तथा सहजीकरण क्षमता अभिवृद्धि गराई कृषक तथा घरपरिवार सदस्य समूहहरूलाई आवश्यक प्राविधिक सहयोग तथा प्रशिक्षण प्रदान गर्न सक्षम बनाइनेछ साथै तालिमपश्चात् कृषकस्तरमा प्रशिक्षण विस्तार गर्ने कार्ययोजना समेत तयार गरिनेछ।

### तालिमको उद्देश्य

१. JT/JTA तथा सम्बन्धित सहभागीहरूको पोषण संवेदनशील असल कृषि अभ्याससम्बन्धी प्राविधिक ज्ञान तथा सहजीकरण क्षमता अभिवृद्धि गर्ने।
२. कृषकहरूलाई प्रभावकारी रुपमा प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्न सक्षम बनाउने।
३. तालिमपश्चात् कृषकस्तरमा तालिम विस्तार गर्ने कार्ययोजना तयार गर्ने।
४. कृषकस्तरमा GAP सम्बन्धी तालिम सञ्चालनका लागि एकरूप कार्यविधि विकास गर्ने।

### आवश्यक संख्या

**सुस्ता गाउँपालिकाको वडा न १ र ४, प्रतापपुरको वडा न ५ र ६, सरावलको वडा न ३ र ४; र पाल्हिनन्दनको वडा न ३ र ५ बाट JT/JTA तथा अगुवा कृषक गरी जम्मा ८-१२ जना।**

### छनोटका आधारहरू

१. सम्बन्धित क्षेत्रमा कार्यरत कृषि प्राविधिक (JT/JTA) वा अगुवा कृषक हुनुपर्ने।
२. पोषण संवेदनशील असल कृषि अभ्याससम्बन्धी ज्ञान तथा सीप सिक्न र प्रयोग गर्न इच्छुक हुनुपर्ने।
३. तालिमबाट प्राप्त ज्ञान तथा सीप कृषकहरूमा विस्तार गर्न इच्छुक हुनुपर्ने।
४. तालिमपश्चात् कृषकस्तरमा प्रशिक्षण विस्तार गर्न तयार हुनुपर्ने।
५. सम्बन्धित पालिका तथा परियोजनाको समन्वयमा सहभागी छनोट गरिनेछ।

### तालिमबाट उपलब्ध हुने सहयोग

- पोषण संवेदनशील असल कृषि अभ्यास (GAP) सम्बन्धी प्रशिक्षण।
- खाद्य सुरक्षा तथा उत्पादनपछिको व्यवस्थापनसम्बन्धी ज्ञान तथा सीप।
- डिजिटल कृषि परामर्शसम्बन्धी जानकारी।

power to people at all levels · SOCIETY for INTEGRATED ALLIED NEPAL · 2004 Estd · SIAN

CamScanner

• कृषकलाई प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्ने सहजीकरण सीप।
• तालिमपश्चात् कृषकस्तरमा तालिम विस्तार गर्ने कार्ययोजना निर्माणमा सहजीकरण।

**तालिमबाट पंश्चात् JT/JTA तथा अगुवा कृषकको भूमिका**

- प्रत्येक JT/JTA ले कृषकहरूलाई तालिम प्रदान गर्नका लागि तालिम विस्तार (Cascading Training) सम्बन्धी कार्ययोजना तयार गर्ने।
- तालिमबाट प्राप्त ज्ञान तथा सीपलाई परियोजनाले तोके बमोजिम तालिमहरु सञ्चालन तथा सहजीकरण गर्ने।
- पोषण संवेदनशील असल कृषि अभ्यास (Nutrition-Sensitive GAP) सम्बन्धी सुधारिएको ज्ञान तथा सीप प्रदर्शन गर्ने र कृषकहरूलाई प्रभावकारी रूपमा तालिम तथा सहजीकरण गर्ने।
- प्राप्त ज्ञान तथा सीपलाई सम्बन्धित कृषकहरूमा प्रभावकारी रूपमा हस्तान्तरण गर्ने।
- परियोजनाको सहयोगमा स्थापना सामुदायिक कृषि सिकाइ केन्द्र (CALC), महिला स्वास्थ्य स्वयम् सेविक घर बगैंचा, पोषणयुत खाद्य उत्पादन उद्यम कृषक आदी लाई आवश्यक प्राविधिक कृषि परामर्श सहयोग गर्ने।
- कृषकको खेतबारीमा नियमित प्राविधिक अनुगमन गरी आवश्यक सुझाव दिने।
- उन्नत बीउ, बिरुवा, जैविक मल, कीरा तथा रोग व्यवस्थापन लगायतका प्रविधिको प्रयोगमा सहजीकरण गर्ने।
- कृषि उत्पादन, पोषण तथा खाद्य सुरक्षा सम्बन्धी व्यवहार परिवर्तनका लागि कृषकहरूलाई अभिमुखीकरण गर्ने।

**आवश्यक कागजात**

इच्छुक JT/JTA तथा अगुवा कृषकहरूले निम्न विवरणसहित निवेदन/नाम सिफारिस पेश गर्नुहुन अनुरोध गरिन्छः

१. निवेदन
२. नेपाली नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि
३. सम्बन्धित वडाको सिफारिस
४. तालिममा सहभागी भई प्राप्त ज्ञान तथा सीप कृषकस्तरमा विस्तार गर्ने प्रतिबद्धता

**निवेदन प्राप्त गर्ने र पेश गर्ने स्थान:**

**सम्बन्धित स्वास्थ्य संस्था र परियोजना फिल्ड कार्यालय परासी**

**निवेदन पेश गर्ने अन्तिम मिति**

**२०८३/०६/२३ गतेसम्म**

थप जानकारीका लागि सम्बन्धित स्वास्थ्य संस्था वा परियोजना कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**एकिकृत हातेमालो समाज नेपाल**
परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
सम्पर्क: ९८६९०५५३५५ / ९८४२०२६८१५ / ९८५७०४६९३४

power to people at all levels • SOCIETY for INTEGRATED ALLIED NEPAL • 2004 Estd. SIAN

CamScanner

**पोषण मार्फत जीवन रुपान्तरण परियोजना**
**एकिकृत हातेमालो सामाज लेपाल**
**फिल्ड अफिस, परासी**

**नमुना घरबारी अथवा किचन गार्डेनको लागि सहभागि (FCHV) छनौटको आबेदन फारम**

SIAN

## १. व्यक्तिगत जानकारी विवरण जानकारी

| | | |
|---|---|---|
| नाम | | ........................................ |
| पालीका ........................................ उमेर .............................. | | ........................................ |
| वडा नं. | | ........................................ |
| टोल/बस्ती | | ........................................ |
| सम्पर्क नं. | | ........................................ |
| FCHV को रूपमा काम गरेको अवधि | | ...................... बर्ष |
| परिवारका सदस्य संख्या | | ........................... जना |
| परिवारमा ५ वर्षमुनिका बालबालिका छन भने कति जना | | ........................................ |
| घरको स्वामित्व | | ☐ आफ्नै घर ☐ भाडाको घर |
| घरको प्रकार | | ☐ कच्चि ☐ पक्की ☐ |
| अनुमानित क्षेत्रफल घर नजिक कति छ | | ........................................ |
| घरबारीको स्वामित्व | | ☐ आफ्नै ☐ परिवारको ☐ अन्य |
| १ | साझेदारीमा काम गर्न ईच्छुक हुनु हुन्छ। | ☐ छु ☐ छैन |
| २ | तपाईंको घर वरी परि तरकारी लगाउने ठाउँ छ | ☐ पर्याप्त ☐ थोरै ☐ छैन |
| ३ | घरबारीमा पानी हाल्ने सुविधा छ | ☐ छ ☐ कहिलेकाहीँ ☐ छैन |
| ४ | तपाईं अहिले घरमा तरकारी वा सागसब्जी लगाउनुहुन्छ | ☐ नियमित ☐ कहिलेकाहीँ |
| ५ | तपाईं घरमा विभिन्न प्रकारका तरकारी र सागसब्जी लगाउन चाहनुहुन्छ | ☐ चाहन्छु ☐ चाहन्नँ |
| ६ | घरमा उत्पादन भएको तरकारी आफ्नै परिवारलाई खुवाउन हुन्छ | ☐ खुवाउछु ☐ खुवाउदिन |
| ७ | तपाईंले सिकेको कुरा गाउँमा आमा समुह लाई सिकाउन तयार हुनुहुन्छ | ☐ छु ☐ छुईन |
| ८ | तपाईंको घरबारीलाई अरू किसानले हेरेर सिक्ने नमुना घरबारी बनाउन तयार हुनुहुन्छ | ☐ छु ☐ छैन |
| ९ | घरबारीमा कम्पोस्ट/जैविक मल प्रयोग गर्न तयार हुनुहुन्छ | ☐ छु ☐ छैन |
| १० | तरकारीमा किरा लाग्दा व्यवस्थापन गर्न सुरक्षित तरिका अपनाउन तयार हुनुहुन्छ | ☐ छु ☐ छैन |
| ११ | तपाई वर्षभरि मौषमि तथा बेमौषमी तरकारी लगाउन तयार हुनुहुन्छ | ☐ छु ☐ छैन |
| १२ | तपाईं घरबारीको काममा परिवारका सदस्यलाई पनि सहभागी गराउन सक्नुहुन्छ | ☐ सकिन्छ ☐ सकिँदैन |

CamScanner

| | | |
|---|---|---|
| १३ | महिनामा कम्तीमा एकपटक अरू घरमा गएर घरबारी र पोषणबारे सिकाउन तयार हुनुहुन्छ | ☐ छु ☐ छैन |
| १४ | घरबारीमा पाएको बीउ तथा अन्य सामग्रीको सही प्रयोग गर्न सक्नुहुन्छ | ☐ सिकेपछि सक्छु ☐ सक्दिनँ |
| १५ | कार्यक्रमको सहयोग सकिएपछि पनि आफ्नै स्रोतबाट घरबारीलाई निरन्तर चलाउन तयार हुनुहुन्छ | ☐ छु ☐ छैन |
| १६ | के तपाई साझेदारीमा काम गर्न ईच्छुक हुनु हुन्छ ? | ☐ छु ☐ छैन |

| | | |
|---|---|---|
| १७ | तपाईको घरमा मलको श्रोत के छ ? | ........................................ |
| १८ | घरमा उत्पादन गर्न चाहेका प्रमुख तरकारीहरू | ........................................ |
| १९ | घरबारीमा मुख्य समस्या के के छन | ☐ पानी ☐ बीउ ☐ मल ☐ किरा/रोग ☐ ठाउँ |
| २० | यसअघि कृषि/घरबारीसम्बन्धी तालिम लिनुभएको छ | ☐ छ ☐ छैन |
| २१ | छ भने कुन तालिमहरु | ........................................ |
| २२ | तपाईलाई यस कार्यक्रममा सहभागी हुन चाहनुको मुख्य कारण के हो | ........................................ |
| २३ | समुदायका किसान तथा आमा समुहहरुलाई सिकाउन सक्नुहुन्छ। | ☐ सक्छु ☐ सक्दिनँ |
| २४ | तपाई छनौट हुनु भयो भने घर बगैंचा तालिम लिन तयार हुनुहुन्छ ? | ☐ छु ☐ छैन |
| २५ | घर नजिकै घर बगैंचाको लागि पर्याप्त ठाउँ छ | ☐ छ ☐ छैन ......धुर...... कठ्ठा |
| २६ | बर्ष भरि पानिको सुविधा छ कि छैन । | ☐ छ ☐ छैन |
| २७ | तपाइको घरमा साना पशु पंक्षिहरु के के छन..................................<br>यदि छैन भने पाल्न ईच्छुक हुनु हुन्छ ? | ☐ छु ☐ छैन |
| २८ | परिवारको सहभागिता गराउन सक्नु हुन्छ ? | ☐ सक्छु ☐सक्दिन |
| २९ | कार्यक्रमपछि पनि घरबारी निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता हुनुहुन्छ ? | ☐ छु ☐ छैन |
| ३० | के तपाई साझेदारीमा काम गर्न ईच्छुक हुनु हुन्छ | ☐ छु ☐ छैन |
| ३१ | तपाईको घरमा कुन कुन फलफुलको बोट विरुवाहरु छन ?नाम लेख्नुहोस | |

**नाम:** ........................................ **हस्ताक्षर:** ........................................

**पद:** ........................................ **मिति:** ........................................

CamScanner